**बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी (दोश्रो संशोधन) निर्देशिका, २०८०**

**स्वीकृत मिति  २०८०।०१।०३**

**<u>प्रस्तावना:</u> बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी निर्देशिका, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

**बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले यी निर्देशनहरु जारी गरेको छ ।**

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी निर्देशनहरुको नाम "बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी (दोश्रो संशोधन) निर्देशिका, २०८०" रहेको छ ।**

**(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।**

**२. <u>बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ७ मा संशोधनः</u> बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-**

**"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मिति २०७९ साल चैत्र मसान्तभित्र दफा ४ बमोजिमको चुक्ता पूँजी कायम गर्न नसक्ने बीमकले मनासिव कारण सहित निवेदन दिएमा प्राधिकरणले यस निर्देशिका बमोजिमको चुक्ता पूँजी मिति २०८० साल असार मसान्तभित्र कायम गर्ने गरी म्याद थप गर्न सक्नेछ ।"**